बैठक नं १७१

आज मिति २०८१/०५/२५ गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | देवकी |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री नन्द लाल शर्मा | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १७. | श्री तोपमान श्रेष्ठ | सहायक पाँचौं | |

## प्रस्तावहरु

१. स्थानीय दररेट सम्बन्धमा ।

२. विशेष अनुदान र समपुरक अनुदानको ठेक्का प्रक्रिया सम्बन्धमा।

३. विपद व्यवस्थापन कोषबाट रकम भुक्तानी सम्बन्धमा।

४. श्री कृष्णअष्टमी र तिज विशेष कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा ।

५. गा.पा. खातामा रकम स्विकार गर्ने सम्बन्धमा ।

६. IEE प्रतिवेदन प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

७. क्षतिपूर्ति र राहत उपलब्ध गराउने सम्बन्धमा ।

८. कार्यविधि र खर्चको मापदण्ड स्वीकृत सम्बन्धमा।

९. विविध ।

   क. स्वास्थ्य सेवाको पदपुर्ति सम्बन्धमा ।

   ख. ईन्धन र मर्मतको मापदण्ड सम्बन्धमा ।

   ग. विपदको तेस्रो किस्ता रकम भुक्तानी सम्बन्धमा ।

   घ. विपद क्षतिपुर्ति मूल्याङकन समिति गठन सम्बन्धमा ।

   ङ. संविधान दिवस मनाउने सम्बन्धमा ।

   च. एक वडा एक उत्पादन कार्यक्रम सम्बन्धमा ।

   छ. फोहोरमैला व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।

   ज. समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

   झ. वजार अनुगमन सम्बन्धमा ।

   ञ. दरबन्दी कटौती सम्बन्धमा।

# निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा आ व ०८१।०८२ को विकास निर्माण सम्बन्धि कार्यको लागि जिल्ला बाट स्वीकृत जिल्ला दररेट लाई आधार मानी स्थानीय दररेट स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा तादी ४ मा रहेको सुन्दरादेवी स्वास्थ्य चौकी निर्माणको लागि संघ र प्रदेश बाट प्राप्त समपूरक र विशेष अनुदानको रकम लाई एकमुष्ठ गरि वोलपत्र आवह्वान गर्ने र भुक्तानी स्रोतको अनुपातको आधारमा गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा बर्षातको समयमा यस गाउँपालिका भित्रका तपशिल वमोजिमका सडकहरुमा यातायात सहज बनाउन ति सडकहरुलाई तत्काल सुचारु गर्न प्राविधिक शाखाबाट भएको मूल्याङ्कन र वडा कार्यालयको सिफारिस वमोजिमको रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१ जोगि गुफा देखि डाँडागाँउ हुदै टुटुङ सम्म सडक मर्मत तादी ३<br>२ अत्मारा सडक ग्राभेल तादी ६<br>३ भुमेश्थान धारा संरक्षण तादी ३<br>४ आँपखोल्चा भर्याङ डाँडा बोहोरे पहिरो सरसफाई तथा ग्राभेल तादी ५<br>५ सल्लाधारी दाहालथोक रालुका मैदान हुदै चिलाउने बाघमारा बाटो सरसफाई तादी २<br>६ अत्मारा पहिरोमा बैकल्पिक सडक निर्माण तादी ५<br>७ टुटुङ अल्छेढुङ्गा कोले हुदै दोर्खु पुल उर्लेनी मोटरबाटो मर्मत तादी ३ र १<br>८ सातविसे बाघमारा मालाभङ्ज्याङ सडक अन्तर्गत पहिरो सरसफाई तथा मर्मत तादी ४<br>९ डाँडाको पाटो देखि ज्वालामुखि सडक बाटो तथा पहिरो सरसफाई तादी ६<br>१० पिप्लेपानी ठाँटि सडक अन्तर्गत पर्ने ओडारे ठुलाखेत पहिरो व्यवस्थापन तादी ५<br>११ डाँडागाउ बाटो सरसफाई तादी ३<br>१२ रालुका पण्डितटोल हुदै रातो ढुङ्गा सडक खण्ड मर्मत तादी २ |

| | |
|---|---|
| | १३ सल्लाघारी डिही छापथोक सिंचाई कुलो मर्मत तादी २<br>१४ बासवोटे छापथोक सालचौतारो हुदै रालुका मैदान बाटो सरसफाई तादी २<br>१५ खरानीटार कोईरालाचेत भिरकुना टुटुङ सडक मर्मत तादी ३ |
| ४ | प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.व २०८१।०८२ मा विनियोजन भएको शिर्षक क्रिसमस तथा कृष्णाष्टमी लगायत अन्य पर्व सञ्चालन कार्यक्रम बाट तादी ३ खरानीटारमा श्रीकृष्णअष्टमी पर्व मनाउनको लागि भएको खर्च रकम रु ८०,०००।(अक्षरुपी असि हजार मात्र) शिवालय मन्दिर व्यवस्थापन समिति तादी ३ खरानीटारको नाममा र तादी ४ सुन्दरादेविमा श्रीकृष्णअष्टमी पर्व मनाउनको लागि भएको खर्च रकम रु २०,०००।(अक्षरुपी विस हजार मात्र) श्री सुन्दरादेवी साँस्कृतिक विकास समाजको नाममा रकम उपलब्ध गराउने निर्णय गरियो ।<br>साथै हिन्दु नारीहरुको महान चाड तिज कार्यक्रमको लागि आ.व २०८१।०८२ मा विनियोजन भएको तिज कार्यक्रमबाट वडास्तरीय तिज कार्यक्रमको लागि प्रत्येक वडामा रु ४०,०००।(चालिस हजार मात्रका) दरले र गाउपालिकास्तरीय तिज कार्यक्रमको लागि रु ६०,०००।(साठि हजार मात्रका) दरले भएको खर्च रकम अनुमोदन गरि भुक्तानी गर्ने निर्णय गरियो । |
| ५ | प्रस्ताव नं ५ उपर छलफल गर्दा तादी ४ मा अवस्थित तादी खोला जलसम्पदा तथा वातावरण संरक्षण संस्था खारेजी भएको र सो संस्थामा रहेको रकम स्वीकार गर्नुभनि प्राप्त भएको निवेदन अनुसार उक्त संस्थाबाट सहयोग स्वरुप प्राप्त रु ५७,०००।अक्षरुपी सन्ताउन्न हजार मात्र स्वीकार गरि गाउँपालिकाको विविध खातामा जम्मा गर्ने निर्णय गरियो। |
| ६ | प्रस्ताब नं ६ उपर छलफल गर्दा मानभिक ईन्जिनियरिङ सोलुसन्स प्राइभेट लिमिटेड बालाजु,१६ काठमाडौंबाट तयार पारिएको ताद्री र दोर्खु खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टि तथा वालुवा) उत्खनन तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण(IEE)को अन्तिम प्रतिवेदन २०८१ स्वीकृत गर्ने निर्णय गरियो । |
| ७ | प्रस्ताव नं ७ उपर छलफल गर्दा तादी गाउँपालिका वडा नं ५ भर्याङडाँडामा अविरल बर्षातका कारण पहिरोगई लगाईएका खेतिवालिमा क्षति पुगेकाले गाउँपालिकाको कृषि प्राविधिकहरुबाट क्षतिको स्थलगत अनुगमन र मूल्याङ्कन गरि प्राप्त प्रतिवेदनको आधारमा विपद व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने निर्णय गरियो । |
| ८ | प्रस्ताब नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाबाट तयार पारिएको तपशिल वमोजिमको कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो।साथै आ.व. २०८१।०८२ को लागि यस गाउँपालिकाद्वारा संचालन हुने सबै प्रकारका तालिम गोष्टि,सेमिनार,कार्यशाला संचालन लगायत अन्य खर्चको लागि प्रदेश सरकारबाट संचालित शसर्त कार्यक्रमको हकमा प्रदेश सरकारबाट |

| | |
|---|---|
| | स्वीकृत मापदण्ड र अन्य को हकमा संघीय सरकारबाट स्वीकृत मापदण्डको पालना गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१ कृषक समुह गठन तथा परिचालन सम्बन्धी कार्यविधी २०८१<br>२ भवन पास नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि २०८१ |
| ९ | प्रस्ताव नं ९ उपर छलफल गर्दा विविध निर्णयहरुमा तपसिल बमोजिमको निर्णय गरियो । |
| | क) प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतको विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका अ.हे.व १ जना र अ.न.मी. ६ जनाको विज्ञापन गरि पदपुर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । |
| | ख) प्रस्तुत विषयमा यस गाउँपालिकाका जनप्रतिनिधि र कार्यरत कर्मचारीहरुको लागि इन्धन र सवारी मर्मत वापतको मापदण्ड विगतका कार्यपालिका बैठकले गरेको निर्णयलाई नै कार्यान्वयन गर्ने निर्णय गरियो । साथै कर्मचारीको निजी सवारीसाधनको हकमा प्रमुख प्रशासकीय अधिकृतले अवश्यकता हेरि माग फाराम भराई ईन्धन उपलब्ध गराउने र सवारी मर्मतको लागि मितव्ययीता अपनाउने निर्णय गरियो । |
| | ग) प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण बाट यस गाउँपालिकाको विपद प्रभावित व्यक्तिहरु तादी १ का गणेश बहादुर तामाङ र तादी ३ का श्रीपेन तामाङ ले जिल्ला प्रशासन कार्यालय बाट पहिलो र दोस्रो किस्ता वापतको रकम लिईएको र तेस्रो किस्ता रकमको लागि यस गाउँपालिकाको १० प्रतिशत साझेदारी बराबरको रकम रु ३०,०००।अक्षरुपी तिस हजार मात्र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट सो रकम जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो । |
| | घ) प्रस्तुत विषयमाआ.व २०८१।०८२मा अविरल बर्षातको कारण गाँपालिका भित्र बनेका सार्वजनिक संरचनाहरु बाटो, पुलपुलेसा लगायतको क्षति मुल्याङकन गर्न वडा तहमा वडा अध्यक्षज्युको सयोजकत्वमा गा.पा. ईन्जिनियर,वडा हेर्ने प्राविधिक, वडा सचिव लगायत अन्य आवश्यकता अनुसारका व्यक्तिहरु संलग्न गराई क्षतिको मुल्याङकन गरि गाउँपालिकामा पेश गर्ने निर्णय गरियो । |
| | ङ) प्रस्तुत विषयमा सविधान तथा राष्ट्रिय दिवस २०८१ दुई गाउँपालिका पन्चकन्या र तादी ले तादी गाउँपालिका खरानीटार नुवाकोटमा विविध कार्यक्रम गरि मनाउने निर्णय गरियो ।साथै राष्ट्रिय शिक्षा दिवस २०८१ यहि असोज २ गते यस गाउँपालिकाका SEE मा उत्कृष्ट भएका |

| | |
|---|---|
| | विद्यालय, विद्यार्थि र शिक्षकहरुलाई पुरस्कृत, सम्मान साथै विविध कार्यक्रमका साथ मनाउने शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । |
| | च) प्रस्तुत विषयमा वागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय को प्राप्त सुचना वमोजिम यस गाउँपालिका अन्तर्गत तादी ४ वाघमारामा फापर खेतिको लागि एक वडा एक कृषि उत्पादन कार्यक्रम संचालनको लागि उक्त वडा छनोट गर्ने |
| | छ) प्रस्तुत विषयमा आ.व २०८१।०८२ मा विनियोजन भएको फोहोरमैला व्यवस्थापन कार्यक्रम कसरि संचालन गर्ने सम्बन्धमा छलफल गरियो । |
| | ज) प्रस्तुत विषयमा गाउपालिकाले आ.व २०८०।०८१ को बार्षिक समिक्षा गरि २०८१ असोज को द्रोस्रो हप्ता भित्र सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो । |
| | झ) प्रस्तुत विषयमा आउन लागेको चाडपर्व लाई लक्षित गरि २०८१ असोजको पहिलो हप्ता भित्र वजार अनुगमन  गर्ने निर्णय गरियो । |
| | ञ) प्रस्तुत विषयमा शिक्षा समितिले २०८१/०४/०७ गतेको निर्णायानुसार शिक्षक व्यवस्थापन अनुदान कोटा अन्तर्गत वितरण भएका ५ वटा विद्यालयहरुका ५ वटा दरबन्दी यहि भाद्र १ गते देखि लागूहुने गरी कट्टा गर्ने र निजको श्रावणको तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो। |